**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९/०८० सालको निर्णय नं. २८४

पुनरावेदन नं. ०७६-RB-००५६

पुनरावेदन दर्ता मितिः-२०७६।०५।२५

**मुद्दाः–मूल्य अभिबद्धि कर (आ.व.२०७२/०७३)।**

गणबहाल, काठमाडौं स्थित जि.ओ. अटोमोबाइल्स प्रा.लि. (स्थायी लेखा नं. ३०२५९७७०९) को तर्फबाट अधिकारप्राप्त सो कम्पनीका बित्त प्रबन्धक तेजकरण सिंघी........................................................................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..............................................१ } प्रत्यर्थी
आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं...........................................१

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु निर्णय मिति : २०७५।०४।०७

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :- विद्वान वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र
विद्वान अधिबक्ता श्री नितेश श्रेष्ठ

प्रत्यर्थी कार्यालयका तर्फबाट :- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०४।०७ मा भएको अन्तिम कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट ६० दिनभित्र निर्णय दिनु पर्नेमा उक्त निर्णय दिएको सूचनाको जानकारी हालसम्म नआएको भनी राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम करदाताको तर्फबाट परेको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ।

## तथ्य खण्ड

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री जि.ओ. अटोमोबाइल्स प्रा.लि.(स्थायी लेखा नं. ३०२५९७७७०९)को आर्थिक वर्ष २०७२/०७३ को पूर्ण कर परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनका आधारमा मूल्य अभिवृद्धि कर नियामावली, २०५३ को नियम २९(१) वमोजिम कर, जरिवाना, थप दस्तुर र ब्याजसमेत रू.२९,९१,९२८।- को प्रारम्भिक कर निर्धारण आदेश करदाताको नाममा मिति २०७५।०३।१७ मा जारी भएको।

२. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७५।०३।१७ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश करदाताले मिति २०७५।०३।१८ मा बुझी लिई सो को जवाफ मिति २०७५।०३।२८ मा पेश गरेको।

३. करदाताको जवाफ तथा कार्यालयको प्रतिवेदन समेतका आधारमा विश्लेषण गर्दा करदाताले स्वःउपयोग गरी स्थायी सम्पत्ति तर्फ थप गरेको सवारी साधनको सम्बन्धमा छानवीन गर्दा दर्ता भएको व्यक्तिले आफ्नो मौज्दातामा रहेको बस्तु स्वःउपयोग गर्नु परेमा कर विजक जारी गरी उपयोग गर्नुपर्ने व्यवस्था रहेको साथै प्रस्तुत करदाताले स्वःउपयोगको लागि विजक जारी गरी स्थिर सम्पत्ति तर्फ थप गरेका सवारी साधनहरुमा लागत मूल्य एवं विक्री मूल्यको विश्लेषण गर्दा प्रस्तुत करदाताले प्रचलित बजार मूल्यमा विजक जारी नगरी स्वयंको लागि लागत मूल्यमा विजक जारी गरेको उक्त वस्तु स्वतन्त्र बजारमा विक्री गर्दा प्राप्त हुने मूल्य अभिवृद्धि कर र करदाताले स्वःउपभोगको लागि स्थिर सम्पत्ति तर्फ थप गरेको मूल्य बीच अन्तर बराबरको मूल्य अभिवृद्धि कर घटी प्राप्त भएको देखिँदा करदाताको जिकिर सँग सहमत हुन सकिएन। साथै, करदाताको जिकिर तथा कार्यालयको प्रतिवेदन समेतलाई विश्लेषण गर्दा प्रारम्भिक कर निर्धारण आदेशको सूचनाको बुँदा नं.१ मा करदाताको जिकिर पुग्न नसक्ने देखाएको र सूचनाको बुँदा नं.२ करदाता स्वयंले स्वीकार गरेको देखिएकाले यस कार्यालयबाट जारी भएको च.नं.७१२ मिति २०७५।०३।१७ को प्रारम्भिक कर निर्धारण आदेशको सूचनामा कुनै संशोधन गर्नु नपर्ने ठहर्छ भन्ने समेत

व्यहोराको मिति २०७५।०४।०७ मा ठूला करदाता कार्यालयबाट खडा भएको निर्णय पर्चा।

४. करदाता श्री जि.ओ. अटोमोबाइल्स प्रा.लि.ले पेश गर्नुभएको जवाफ तथा प्रमाण कागजातहरु समेतको मूल्यांकन गर्दा निम्नानुसारको कर रकम रु.३०,२३,९०६।- तिर्नु पर्ने देखिन आएको छ। उक्त रकम यो आदेश जारी भएको मितिले १५ दिन भित्र नेपाल सरकारको सर्वसंचित कोषमा दाखिला आएको हुने गरी पुल्चोक ललितपुर स्थित एभरेष्ट बैंकमा रहेको यस कार्यालयको खातामा दाखिला गर्नु होला। यो आदेश जारी भएको मितिले १५ दिन भित्र कर नबुझाएमा जरिवाना, थप दस्तुर तथा ब्याज लाग्ने व्यहोरा सूचित गरीन्छ भन्नेसमेत बेहोराको च.नं. १३ को पत्रबाट मिति २०७५।०४।०८ मा करदाताको नाममा ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट जारी भएको अन्तिम कर निर्धारण आदेशको सूचना।

५. मिति २०७५।०४।०८ मा ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मूल्य अभिवृद्धि कर तर्फ आ.व. २०७२/०७३ को लागि करदाताको नाममा जारी भएको अन्तिम कर निर्धारण आदेश उपर चित्त नवुझि करदाता श्री जि.ओ. अटोमोबाइल्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनको लागि मिति २०७५।०५।२५ मा आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंमा पेश गरेको निवेदन पत्र।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति ०७५।०४।०८ मा जारी गरेको आ.व. २०७२/०७३ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी श्री जि.ओ. अटोमोबाइल्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०५।२५ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेकोमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क.(४) बमोजिम ६० दिनभित्र निर्णय गरी सक्नुपर्नेमा सो नभएको कारणबाट ऐ.ऐनको दफा ३१क.(५) बमोजिम आन्तरिक राजस्व विभागलाई जानकारी दिई म्यादभित्र यस राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गरेको।

७. निवेदकले मिति २०७६।०५।२३ मा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३१क.(५) बमोजिम श्री राजस्व न्यायाधिकरणमा पुनरावेदन गरीने जानकारी गराएको र मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम श्री राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गराएको व्यहोराको जानकारी सहित सोको एक प्रति पुनरावेदनपत्र राखी मिति २०७६।०५।२५ मा निवेदन दर्ता गराएको हुँदा प्रस्तुत निवेदकले पेस गरेको प्रशासकीय पुनरावलोकन निवेदनको तथ्यमा प्रवेश गरी निर्णय दिन मिल्ने देखिएन। तसर्थ प्रस्तुत निवेदकले दर्ता गरेको प्रशासकीय पुनरावलोकनको निवेदन लगतबाट कट्टा गर्ने गरी मिति २०७६।०८।०५ मा भएको आन्तरिक राजस्व विभागको निर्णय।

८. पुनरावेदक करदाताले आ.व.२०७२/०७३ मा आयात गरेको सवारी साधनमध्ये स्वःउपयोगको प्रयोजनको लागि आफूले आयात गरेको सवारी साधन १३ थान आफ्नो नाममा लागत मूल्यमा विजक जारी गरी सम्पत्ती तर्फ थप गरेको हो। आफ्नो कार्यालयको उपयोगको लागि आफुले आफैलाई विक्री भएको मानी लागत मूल्यमा कर विजक जारी गरी कर असुल गर्नुपर्ने व्यवस्था अनुरूप नै पुनरावेदक करदाताले आफ्नो कार्यालयको उपयोगका लागि आफूले आफैलाई विक्री गरेको मानी लागत मूल्यमा कर विजक जारी गरी कर असुल गरेको अवस्थामा सवारी साधनको लागत मूल्यमा १४.७६ प्रतिशत मूल्य अभिबृद्धि गरी under invoicing गरेको भनी रू ४९,०९,१६३।५५ विक्री आय कायम गरी त्यसमा १३ प्रतिशत मूल्य अभिबृद्धि कर, जरिवाना,थप दस्तुर र व्याज समेत लगाउने गरी शुरू कार्यालयबाट भएको अन्तिम कर निर्धारण निर्णय एंव आदेश मूल्य अभिबृद्धि कर ऐन, २०५२ तथा मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६१ बमोजिम नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी भएको मूल्य अभिबृद्धि कर निर्देशिका समेतको आधारमा त्रुटीपूर्ण हुँदा बदर गरी पाउ भन्ने समेत वेहोराको पुनरावेदक करदाताको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७६।०५।२५ मा परेको पुनरावेदन पत्र।

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।०८।१० मा भएको आदेश।

१०. यिनै पुनरावेदक करदाता श्री जि.ओ. अटोमोबाइल्स प्रा.लि.ले आ.व.२०७२/०७३ को मूल्य अभिवृद्धि कर सम्बन्धी मुद्दामा शुरु कर कार्यालयबाट भएको निर्णय उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभाग समक्ष दिएको निवेदन सहितको सक्कल मिसिल झिकाई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।०८।१० मा भएको आदेश।

## ठहर खण्ड

११. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता जि.ओ. अटोमोबाइल्स प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र विद्वान अधिबक्ता श्री नितेश श्रेष्ठले ठूला करदाता कार्यालयबाट पुनरावेदक करदाताको हकमा भएको मूल्य अभिबृद्धि कर निर्धारणको आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका

विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट भएको मूल्य अभिबृद्धि कर निर्धारणको आदेश कानून सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१२. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालयबाट मिति २०७५।०४।०७ मा पुनरावेदक करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश मिलेको छ, छैन? पुनरावेदक करदाताको जिकिर पुग्न सक्छ, सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१३. निर्णय तर्फ विचार गर्दा, करदाताले आयात गरेको सवारी साधन स्वःउपभोगको लागी लागत मूल्यमा विजक जारी गरी सम्पत्ति तर्फ थप गरेकोले यसमा मूल्य अभिबृद्धि कर थप गर्न नमिल्ने भनी पुनरावेदन जिकिर लिएको देखियो। ठूला करदाता कार्यालयको निर्णय पर्चा हेर्दा, करदाताले प्रचलित बजार मूल्यमा विजक जारी नगरी स्वयंको लागि लागत मूल्यमा विजक जारी गरेको देखिएकाले करदाताले देखाएको यस आ.व.को औषत मुनाफा प्रतिशत १४.७६ (Gross Profit Ratio) लाई मूल्य अभिवृद्धि कायम गरी सो समेत जोडी कायम हुने करयोग्य मूल्य रु.४९,०९,१६३।५५ मा प्रस्तुत करदाताले घटी मूल्य अभिबृद्धि कर रकम संकलित भएको देखिएकोले २०७३ आषाढको कर अवधि कायम गरी सोको रकम रु.४९,०९,१६३।५५ को मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम १३ प्रतिशतले हुने मूल्य अभिबृद्धि कर रकम रु.६,३८,१९१।- सोही ऐनको दफा २९ (२) बमोजिम शतप्रतिशत जरिवाना रु.६,३८,१९१।- तथा दफा १९ बमोजिमको थप दस्तुर र दफा २६ वमोजिमको व्याज गणना गरी दफा २०(१) वमोजिम कर निर्धारण गरीएको देखिन्छ।

१४. पुनरावेदक करदाताले आ.व. २०७२/०७३ मा आयात गरेको सवारी साधन मध्ये स्वः उपभोग प्रयोजनको लागी १३ वटा सवारी साधन आफ्नो नाममा लागत मूल्यमा विजक जारी गरी सम्पत्ति तर्फ थप गरेको तथ्यमा विवाद देखिएन। मूल्य अभिबृद्धि कर नियमावली , २०५३ को नियम ४८ को उपनियम (२) मा "*आयात हुने वस्तु वा सेवामा कर निर्धारण गर्ने प्रयोजनका लागी मूल्य कायम गर्दा ऐनको दफा १२ को उपदफा (५) र (६) बमोजिमको प्रक्रिया अपनाई मूल्य कायम गरीनेछ*" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। शुरु कर कार्यालयले उक्त प्रक्रिया अवलम्बन नगरेको र करदाताले दावीका सवारी साधन असम्बन्धित व्यक्तिलाई विक्री गरेको नभई स्वःउपभोगको लागि लागत मूल्यमा विजक जारी गरी सम्पत्ति तर्फ थप गरेको भनी मिति २०७५।०३।२५ मा स्पष्ट जवाफ दिएकोमा ठूला करदाता कार्यालयले आधार

र कारण खोली उक्त जवाफलाई खण्डन गरेको देखिएन। आधार र कारण नखोली भएको निर्णय न्यायोचित देखिदैन।

१५. जहासम्म शुरु कर निर्धारण आदेश मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ को दफा ४.९ विपरित रहेको भनी करदाताले पुनरावेदन पत्रमा लिएको जिकिर छ सो सम्बन्धमा हेर्दा, मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ को दफा ४.९ मा "मूल्य अभिबृद्धि कर प्रयोजनको लागि स्वःआपूर्ति भन्नाले विक्री प्रयोजनको लागि खरीद वा उत्पादन गरीएको वस्तु वा सेवा करदाता स्वयंले आफ्नो व्यवसायिक प्रयोजनको लागि उपयोग गर्ने कार्यलाई जनाउछ। स्वःआपूर्ति गरिएको बस्तु र सेवाको समेत सामान्यतया मूल्य अभिबृद्धि कर बीजक जारी गरी मूल्य अभिबृद्धि कर असुल गर्नुपर्दछ। व्यवसायिक कारोवारमा प्रयोग गर्ने गरी स्वःआपूर्ति गरिएका वस्तु वा सेवामा कर बीजक जारी गरी कारोवार जनाएकोमा सोही रकम पुनः ऐनको दफा १७ बमोजिम कर कट्टी दावी गर्न सकिन्छ। यस्तो अवस्थामा करको असर शून्य हुने भए तापनि करयोग्य कारोवार गर्ने व्यक्तिले बीजक जारी नगरी कुनै पनि करयोग्य आपूर्ति गर्न ऐनले प्रतिबन्ध लगाएको कारणले स्वःआपूर्तिमा समेत बीजक जारी गर्नु पर्ने व्यवस्था गरीएको हो" भन्ने व्यवस्था भएको पाईन्छ। उक्त व्यवस्था हेर्दा करदाताको व्यवसायिक उपयोगका लागि स्वःआपूर्ति गर्न आफूले आफैलाई विक्री गरेको मानी लागत मूल्यमा कर बीजक जारी गरी कर असुल गर्नुपर्ने देखिन्छ। पुनरावेदक करदाताले व्यक्तिगत प्रयोजनको लागि नभई उक्त कानूनी व्यवस्था बमोजिम नै आफ्नो कम्पनीको व्यवसायिक उपयोगका लागि Figo-4, Ranger-1, Aspire-4, Ecosport-4 का १३ वटा गाडीहरू आफूले आफैलाई विक्री गरेको मानी लागत मूल्यमा कर बीजक जारी गरी कर असुल गरेको देखिन्छ। निर्देशिकाले बजार मूल्यमा नै बीजक जारी गरी कर असुल गर्नुपर्ने अनिवार्यता देखिएन। यस स्थितिमा ठूला करदाता कार्यालयले करदाताको हकमा मूल्य अभिबृद्धि कर निर्देशिका,२०६९ को दफा ४.९ आर्कषित हुनु नपर्ने र थप कर असुल गर्नुपर्ने आधार र कारण निर्णय पर्चामा उल्लेख गरेको देखिन आएन। त्यसैले करदाताको उक्त पुनरावेदन जिकिरलाई अन्यथा भन्न मिलेन।

१६. तसर्थ, माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता जि.ओ अटोमोबाइल्स (स्थायी लेखा नं.३०२५९७७०९) को आ.व.२०७२/०७३ को मूल्य अभिवृद्धि करतर्फ अन्तिम कर निर्धारण गर्दा ठूला करदाता कार्यालयले मिति २०७५।४।७ को निर्णयमा करदाताको हकमा मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ को दफा ४.९ आकर्षित नहुनुपर्ने सम्बन्धमा कुनै आधार र कारण खुलाएको नदेखिंदा त्यस्तो न्यायिक मन प्रयोग नगरी भएको निर्णयलाई न्यायोचित मान्न

नमिलेकोले उक्त निर्णय बदर गरीदिएको छ। अव आधार र कारण सहित कानून बमोजिम पुन: अन्तिम कर निर्धारण गर्नु भनी फाइल सुरु कार्यालयमा पठाईदिने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू। अरुमा तपसिल बमोजिम गर्नू।

**<u>तपसिल खण्ड</u>**

१. माथि ठहर खण्डमा लेखिए बमोजिम शुरु निर्णय बदर भई पुन: अन्तिम कर निर्धारण गर्न फाइल सुरु कार्यालयमा पठाईदिने ठहरी फैसला भएकोले तारिखमा रहेका करदातालाई ठूला करदाता कार्यालयको तारिख तोकी सो प्रयोजनको लागि फैसला सहितको शुरु मिसिल समेत पठाइ दिनू।

२. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौंलाई दिनू।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः- सरिता रिजाल
कम्प्यूटर अपरेटरः- चन्द्र बहादुर नेपाली
फैसला मितिः- २०७९।१२।२०।२
प्रमाणीकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप